महान्यायाधिवक्ताको आर्थिक वर्ष २०७६/०७७ को सार संक्षेप

महान्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र संघीय कानून बमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नुपर्ने नेपालको संविधानको धारा १५९ को उपधारा (१) मा भएको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रस्तुत गरेको छु । प्रस्तुत प्रतिवेदनमा महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरुबाट सम्पादन भएका काम कारवाहीको विस्तृत विवरण, स्रोत साधनको अवस्था, भौतिक स्थिति, कार्यरत जनशक्तिको विवरण सहित आर्थिक वर्ष २०७६/०७७ मा गरिएका महत्वपूर्ण कार्यहरुसमेतलाई समेटिएको छ ।

१. कानूनी राय

यस आर्थिक वर्षमा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरुमा ९० वटा विषयमा कानूनी राय माग भएकोमा ६५ वटा राय प्रदान गरिएको थियो । २५ वटा रीत नपुगेको हुँदा फिर्ता गरिएको छ ।

२. मुद्दा मामिला सम्बन्धी कार्य

यस आर्थिक वर्षमा जिल्ला सरकारी वकील कार्यालयहरूबाट नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएका मुद्दाहरूको संख्या २९,७६० र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ५४,५४२ रहेको छ । सोमध्ये मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ का मुद्दा संख्या २८,७४२ र प्रतिवादी संख्या ५२,०५९ रहेका छन् । अनुसूची २ का मुद्दा संख्या १,०१८ र प्रतिवादी संख्या २,४८३ रहेको छ । यसैगरी विशेष सरकारी वकील कार्यालयबाट यस आर्थिक वर्षमा नेपाल सरकार वादी भई मुद्दा चलाउने निर्णय भएको मुद्दाहरूको संख्या ३,६९३ र ती मुद्दाहरूमा जम्मा प्रतिवादी संख्या ३,७८० रहेको छ ।

यस आर्थिक वर्षमा घटेका कसूर सम्बन्धी विवरणहरु मध्ये अनुसूची १ भित्रका कसूरहरुको संख्या ४१,८९८ र अनुसूची २ का कसूर संख्या १,०१८ गरी कुल ४२,९१६ कसूर घटेको तथ्यांक रहेको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको संख्या ९५,८०० रहेको छ । नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा सरकारी वकील कार्यालयहरुबाट प्रतिरक्षा गरिएको मुद्दाको लगत संख्या ७९,५५५ रहेको देखिन्छ । नेपाल सरकार उपर परेका रिटको संख्या ९,३३८ र अन्य निवेदनको संख्या ६,९०७ रहेको छ ।

३. बहस पैरवी सम्बन्धी कार्य

महान्यायाधिवक्ताको कार्यालयबाट सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरुको संख्या १४,२३६ रहेकोमा ३,०१३ थान फछ्र्यौट भई मुद्दामा कसूर ठहर र निवेदन खारेज प्रतिशत ३७.४० रहेको छ । उच्च सरकारी वकील कार्यालयहरुबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनहरुको संख्या २२,१५९ रहेकोमा १२,८२० थान फछ्र्यौट भई मुद्दामा कसूर ठहर र निवेदन खारेज प्रतिशत ५३.०५ रहेको छ । विशेष सरकारी वकील कार्यालय, काठमाडौंबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा तथा निवेदनको संख्या ६,३८५ रहेकोमा २,५४८ थान फछ्र्यौट भई मुद्दामा कसूर ठहर र निवेदन खारेज प्रतिशत ९५.४१ रहेको छ । जिल्ला सरकारी वकील कार्यालयहरुबाट बहस पैरवी र प्रतिरक्षा गरिएका मुद्दा, रिट तथा निवेदनको जम्मा संख्या ५४,०२० रहेकोमा २३,४६० थान फछ्र्यौट भई मुद्दामा कसूर ठहर र निवेदन खारेज प्रतिशत ८१.२१ रहेको छ ।

समग्रमा सरकार वादी मुद्दा, रिट र निवेदनमा कसूर ठहर र निवेदन खारेज ७०.२९ प्रतिशत भएको छ । महान्यायाधिवक्ताको कार्यालयमा प्रति सरकारी वकील वार्षिक ३३१.०७ वटा, उच्च सरकारी वकील कार्यालयहरुमा

प्रति सरकारी वकील वार्षिक १९०.६२ वटा, विशेष सरकारी वकील कार्यालयमा प्रति सरकारी वकील ३१९.२५ वटा र जिल्ला सरकारी वकील कार्यालयहरुमा प्रति सरकारी वकील २०९.३८ वटा मुद्दा रहेको छ । समग्रमा प्रति सरकारी वकील मुद्दा संख्या २२१.७६ रहेको छ । सरकारी वकीलले सम्पादन गर्नुपर्ने समग्र कार्यसम्पादनलाई एकाई मानेर हेर्दा प्रति सरकारी वकील कार्यबोझ ६६९.२८ रहेको छ । संघीय संरचनाको कार्यान्वयन, नयाँ संहिताहरु र संविधानको मौलिक हक कार्यान्वयनका लागि बनेका ऐनहरुले बढाएको जिम्मेवारी समेतका आधारमा यो कार्यबोझको संख्या क्रमशः बढ्दै जाने अवस्था छ ।

४. बजेट

आर्थिक वर्ष २०७६/०७७ मा नेपाल सरकारबाट महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूका लागि रु. १ अर्ब १६ करोड ४३ लाख ३ हजार विनियोजन भएको थियो । यो देशको कुल बजेटको ०.०७५ प्रतिशत हो । महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकील र कर्मचारीहरुको तलब, भत्तामा भएको कुल खर्च रु. ६२ करोड १७ लाख ३९ हजार र कुल मुद्दा ९५,८०० को अनुपात हेर्दा प्रति मुद्दा खर्च रु ६,४८९।९७ भएको देखिन्छ ।

४. संस्थागत सुदृढीकरण

संस्थागत सुधार र व्यावसायिकता विकासमा केन्द्रित महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७३/०७४-२०७७/०७८) कार्यान्वयनको चौथो वर्षको अवधि सकिएको छ । आ.व. २०७६।०७७ मा योजनाको मध्यावधि मूल्यांकन गर्दा योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरू मध्ये ५७.५७ प्रतिशत कार्यान्वयन भएको देखिएको छ ।

यस आर्थिक वर्षमा सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारबाहीलाई प्रभावकारी बनाउन हेलो साक्षी कार्यक्रम संचालन गरिएको छ । पीडित र साक्षीको संरक्षणका लागि मुद्दाको लगातार सुनुवाइलाई अगाडि लैजान सहजीकरण गरिएको छ । सरकारी वकीलका काम कारबाहीमा सूचना प्रविधिको अधिकतम प्रयोगका लागि ई-एटर्नी (E-Attorney) कार्यक्रम संचालन गरिएको छ । सरकारी वकीलहरुको व्यावसायिकता विकासका लागि विषयगत रुपमा विशिष्टीकरण गरिएको छ । प्रत्येक प्रदेशमा दुई दुई वटा नमुना जिल्ला सरकारी वकील कार्यालयको स्थापना गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ । अभियोजन परीक्षणलाई अभियानका रुपमा अगाडि बढाइएको छ । सरकारी वकीलहरु बीच साझा धारणा बनाउन सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलन आयोजना गरिएको छ । अपराध अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन समन्वय समितिलाई क्रियाशील बनाइएको छ । फौजदारी न्याय प्रशासनको जानकारी दिन र अपराध अनुसन्धानमा सहयोग प्राप्त गर्नका लागि सचेतना विस्तार गर्न समुदायमा सरकारी वकील कार्यक्रम संचालन भएको छ । १४ वटा टोलीबाट ३४ जिल्लाका कारागारहरू तथा हिरासत कक्ष र ३ बाल सुधार गृह समेतको अनुगमन गरिएको छ । संवैधानिक जिम्मेवारी अनुसार बाल सुधार गृह, हिरासत कक्ष र कारागारमा रहेका थुनुवा र कैदीहरुलाई मानवोचित व्यवहार गर्नका लागि निर्देशन गरिएको छ । साथै, कोभिड १९ को सन्दर्भमा १७ वटा टोलीबाट ३३ जिल्लाका कारागार, हिरासत एवं बाल सुधार गृहको विशेष अनुगमन गरिएको छ ।

५. समस्या र चुनौती

महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरुको कार्यसम्पादनको क्रममा देखिएका प्रमुख समस्या र चुनौतीहरु यसप्रकार रहेका छन्:

सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन अझ धेरै प्रयत्न गर्नु पर्ने अवस्था छ । वैज्ञानिक परीक्षण गर्ने प्रयोगशाला र जनशक्तिको न्यूनता रहेको छ । अपराध अनुसन्धानका लागि खटिने जनशक्ति न्यून रहेका छन् । मुलुकी अपराध संहितासमेतका नयाँ कानूनहरुमा समावेश भएका नयाँ व्यवस्थाको कार्यान्वयनका लागि थप प्रशिक्षणको आवश्यकता देखिएको छ । सजाय निर्धारण तथा कार्यान्वयन सम्बन्धी व्यवस्थाको कार्यान्वयनका लागि आवश्यक पूर्वाधार विकास गर्न बाँकी नै रहेको छ । गम्भीर प्रकृतिका फौजदारी मुद्दाका साक्षीको सहायता र संरक्षण प्रभावकारी रुपमा गर्न सकिएको छैन । कतिपय अवस्थामा कानूनको प्रकृया अवलम्बन नगरी भएका सरकारी निर्णयको प्रतिरक्षा गर्न सरकारी वकीलहरुलाई कठिन भएको अनुभूति गरिएको छ । सर्वोच्च अदालतले प्रतिपादन गरेका कानूनी सिद्धान्तको प्रभावकारी रुपमा पालनाको अभावमा सरकारी निकायबाट गरिने निर्णयको प्रतिरक्षा गर्न कठिन भएको अवस्था छ । कतिपय सरकारी निकायहरुले मुद्दासँग सम्बन्धित विवरण, सूचना, कागजात उपलब्ध नगराउँदा ती निकायहरुको प्रतिरक्षा गर्न समस्या भएको छ । संविधानले सुम्पिएको जिम्मेवारी बमोजिम अपराधशास्त्रीय अनुसन्धानको कार्य प्रभावकारी रुपमा अगाडि बढाउन सकिएको छैन । बढ्दो कार्यबोझ र थपिएका जिम्मेवारीका आधारमा सरकारी वकील र कर्मचारीको दरबन्दी अझै अपर्याप्त छ । भएका दरबन्दी पनि समयमा परिपूर्ति हुन सकेको छैन । महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका कार्यक्रमको कार्यान्वयनका लागि अपेक्षित स्रोत साधन प्राप्त गर्न थप प्रयास गर्नु पर्ने अवस्था छ । सरकारी वकीलको कार्य सम्पादनलाई सूचना प्रविधिसँग आबद्ध गर्न प्रयास गरिएको भए पनि प्रविधिमैत्री जनशक्तिको अभावका कारण कार्यान्वयनमा आशातित परिणाम ल्याउन सकिएको छैन ।

६. सुझाव

१. मुलुकी संहिताहरु लगायतका फौजदारी कानूनमा संशोधन गर्नुपर्ने सुझावहरु प्रतिवेदनमा उल्लेख छन् । ती कानूनहरुमा समायानुकूल र एकापसमा संगति कायम हुने गरी संशोधन हुनु पर्ने आवश्यकता रहेको छ ।

२. आवश्यक पूर्वाधार निर्माण एवं कानूनी व्यवस्था गरी फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका सुधारात्मक उपायहरुको कार्यान्वयन गर्नु पर्ने अवस्था छ ।

३. साक्षी संरक्षण सम्बन्धी छुट्टै कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट निकासा हुनु पर्दछ ।

५. अपराध अनुसन्धान गर्ने छुट्टै विशिष्टीकृत निकाय वा एकाई गठन गर्नुपर्ने आवश्यकता विगत देखि नै औल्याइएको हो । संहिताहरु कार्यान्वयन भएको सन्दर्भमा त्यसको आवश्यकता अझ टड्कारो देखिएकोछ ।

६. अपराधको प्रवृत्ति, फौजदारी कानूनको कार्यान्वयनको अवस्था, विद्यमान दण्डनीतिको प्रभावकारिता लगायत अपराधका विभिन्न पक्षहरूको अध्ययन तथा अनुसन्धान गर्न अपराधशास्त्रीय अनुसन्धान केन्द्रलाई सुदृढीकरण गर्नु आवश्यक छ ।

७. सूचना प्रविधिको प्रयोग गर्न सक्ने जनशक्तिको विकास गरी सरकारी वकील कार्यालयबाट सम्पादित कामलाई विद्युतीय संजालमा आबद्ध गराउनु पर्ने आवश्यकता छ ।

८. संगठित प्रकृतिका आपराधिक कार्यमा संलग्न व्यक्तिलाई कानूनी दायरामा ल्याउन सम्बन्धित मुलुकहरुसँग पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धी सन्धि गर्न जरुरी देखिन्छ ।

९. सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्त र आदेशको कार्यान्वयनका लागि सम्बन्धित निकाय गम्भीरतापूर्वक अग्रसर हुनु पर्दछ ।

१०. हिरासत, बाल सुधार गृह तथा कारागारमा रहेका व्यक्तिहरुको मानव अधिकारको अवस्था र हिरासत, बाल सुधार गृह तथा कारागारको कक्ष अनुगमन गरी पेश भएका प्रतिवेदनहरुलाई अध्ययन गरी ती प्रतिवेदनहरुले सुझाएका सुझावहरुको कार्यान्वयनतर्फ संवेदनशील हुनु पर्दछ ।

११. अभियोजन प्रशिक्षण केन्द्रलाई पर्याप्त स्रोत, साधन र जनशक्तिको व्यवस्था गरी मुलुकी अपराध संहिता, २०७४ समेतका कानूनले गरेका व्यवस्थाका सम्बन्धमा सरकारी वकील तथा कर्मचारीहरुलाई निरन्तर अभिमुखीकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

१२. फौजदारी न्याय प्रशासनमा प्रभावकारिता ल्याउन र सरकारी वकीलको जिम्मेवारी पूरा गर्न प्रत्येक कार्यालयमा आवश्यक पर्ने न्यूनतम दरबन्दीका अतिरिक्त प्रति १५० मुद्दाका लागि एक जना सरकारी वकीलको अनुपातमा सरकारी वकीलको दरबन्दी कायम गरिनु पर्छ ।

१३. सरकारी वकीलको सेवालाई ब्यावसायिक बनाउन र कार्यमा प्रभावकारिता ल्याउन सरकारी वकीलहरुको सेवालाई आकर्षक बनाउन सेवा शर्त सम्बन्धी कानून निर्माण गर्नु पर्दछ ।

१४. विशेष क्षमता विकास र विदेशी अभ्याससँग परिचित गराउनका लागि वार्षिक रूपमा निश्चित संख्या एकीन गरी सरकारी वकीलहरूलाई कानूनको उच्च शिक्षाको अध्ययनका लागि विदेशी विश्वविद्यालयमा समेत जान सक्ने गरी अवसरको खोजी गर्नु पर्ने देखिन्छ ।

१५. सरकारी वकीलहरुका लागि व्यावसायिक भत्ता र कार्य सम्पादन सूचकका आधारमा सरकारी वकील र कर्मचारीहरुका लागि प्रोत्साहन भत्ताको व्यवस्था गर्नु पर्दछ ।

१६. सरकारी वकीलहरूलाई न्याय र कानूनको क्षेत्रमा विकसित नवीन मान्यताहरूसँग परिचित गराउन राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सञ्चालन हुने तालिम, गोष्ठी, सेमिनार, अध्ययन तथा अवलोकन भ्रमणमा सहभागी हुने पर्याप्त अवसर उपलब्ध गराउनु पर्दछ ।

उल्लिखित सुझावहरूको सम्बोधनबाट सरकार वादी भई चल्ने मुद्दाको अनुसन्धान, अभियोजन र बहस पैरवीमा तथा सरकारको सरोकारका अन्य मुद्दाहरुको प्रतिरक्षामा सहजता आउने र सोबाट फौजदारी न्याय प्रशासन प्रभावकारी हुनुको साथै न्याय प्रशासन र राज्यका निकायहरूप्रति जनताको आस्था र विश्वासमा वृद्धि हुने अपेक्षा राख्दछु । सरकारी वकीलको भूमिकालाई यथोचित महत्व प्रदान गरी प्रस्तुत प्रतिवेदनमा औल्याइएका सुझावहरूको सम्बोधन भएमा सरकारी वकीलहरुको पेशागत दक्षता बढ्न गई संविधान र कानूनले सुम्पेको महत्वपूर्ण जिम्मेवारी सक्षम र सबल रुपमा सम्पन्न गर्न सहयोग मिल्ने आशा प्रकट गर्दछु । फौजदारी न्याय प्रशासनका लागि प्रभावकारी अभियोजन प्रणाली संस्थागत गर्न र सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा लगायतका मूल्य मान्यतामा महान्यायाधिवक्ताको कार्यालय सदैव प्रतिबद्ध रहेको छ ।

२०७७ फागुन २८